# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्या : २** **श्रावण १, २०७६**

## भाग-१

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

## विनियोजन ऐन ,२०७५

संवत् २०७५ सालको ऐन नं २

**<u>प्रस्तावनाः</u>** मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मुसिकोट नगरसभाले यो ऐन बनाएको छ ।

**विनियोजन ऐन ,२०७५**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम मुसिकोट नगरपालिकाको विनियोजन ऐन २०७५/०७६ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त मुसीकोट नगरपालिका, वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लिखित चालु खर्च पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६५६४८८००० (पैँसठ्ठी करोड चौसठ्ठी लाख अठासी हजार)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त मुसीकोट नगरपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च बेहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

**विनियोजन ऐन ,२०७५**

अनुसूची १

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम

रु हजारमा

| **क्र सं** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १०८१५६ | २४८८९७ | | ३५७०५३ |
| २ | | वडा समिति | ४६०५ | ४६४९५ | | ५११०० |
| ३ | | विषयगत शाखा | २३४६६४ | १०६७१ | | २४५३३५ |
| ४ | | ऋणको सावाँ ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी/शेयर/ ऋण | | | ३००० | ३००० |
| | | जम्मा | ३४७४२५ | ३०६०६३ | ३००० | ६५६४८८ |

आज्ञाले,

माधव प्रशाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत